# प्रेस विज्ञप्ती - ११९
# Press Release-119

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मितिः-२०७१/०२/११ गते ।

## बिभिन्न प्रकारका लागु औषध, सहित बिदेशी तथा स्वदेशी नागरिक पक्राउ ।

यस लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको अप्रेशन समूहले विभिन्न मिति र स्थानवाट निम्न बमोजिमको लागू औषध सहित बिदेशी तथा स्वदेशी नागरिक पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारवाही भईरहेको छ ।

**पक्राउ विवरण :-**

(१) मिति २०७१।०२।०४ गते जर्मन पासपोर्ट नं. C 4N1FL87M का वाहक बर्ष २८ को FLORIAN JOHANNES VALLEN लाई लागू औषध L.S.D. (ड्रग्स) स्टिकर १२९ पिस सहित का.जि.का.म.पा.२३ वसन्तपुर दरवार स्क्वायर अगाडिबाट पक्राउ ।

(२) **निज जर्मन नागरीक** FLORIAN JOHANNES VALLEN ले लागू औषध **L.S.D.** (**ड्रग्स**) खरीद गरेको भनिएका जि.गोर्खा पृथ्वी नारायण नगरपालिका वडा नं. २ धारापानी घर भई काठमाण्डौ बालाजु डेरा गरी वस्ने बर्ष २५ को सुरेश गाँन्धारी लाई १७ ग्राम चरेस सहित मिति २०७१।२।५ गते का.म.पा.-३ लाजिम्पाटबाट पक्राउ गरी आवश्यक कारवाही भईरहेको ।

(३) निज सुरेश गान्धारीको वयान अनुसार युक्रेन पासपोर्ट नं. KC431787 बाहक बर्ष २४ की BALASHOVA ANASTASIYA लाई **लागू औषध L.S.D. (ड्रग्स) स्टिकर ८४ पिस बिक्री गरेको भन्ने खुल्न आएकोले निज** युक्रेनी नागरीकलाई उक्त **लागू औषध L.S.D. (ड्रग्स) स्टिकर ८४ पिस** सहित मिति २०७१/२/५ गते ऐ.का.म.पा.-लाजिम्पाटबाट पक्राउ ।

**पुनश्चः यस प्रकारको L.S.D. (ड्रग्स) स्टिकर** मिति २०७०।११।३ मा ७ पिस र मिति २०७०।१२।१७ मा ६ पिस बरामद भएपनि यस पटकको बरामद ठूलो मात्रामा रहेको र नेपालको लागि नयाँ प्रकारको लागू औषध प्रयोगमा आएको देखिन्छ ।

(४) मिति २०७१।०२।०६ गते जिल्ला मकवानपुर टिष्टुङ-५ को बर्ष ३३ को चन्द्र बहादुर स्याङतान-१ र ऐ. आग्रा-९ को बर्ष २० को विर बहादुर थिङ-१ समेत जना २ लाई **अवैध लागू औषध चरेश ५ के.जी. ५०० ग्राम** सहित जिल्ला काठमाण्डौ नैकाप-६ बाट पक्राउ ।

(५) मिति २०७१।०२।०७ गते जि.सप्तरी राजबिराज-३ का बर्ष २० को रोहित मण्डल-१,जि.ललितपुर ल.पु.उप.म.न.पा.-९ कुमारीपाटीको बर्ष २५ को गगन सिह मर्हजन-१, ऐ.ऐ-१० लोहल टोलका बर्ष १९ को बिजय खड्की-१ र का.जि.का.म.पा.-१० का बर्ष २४ को आशुतोष के.सी.-१ समेत जना ४ लाई **नियन्त्रित लागू औषध बुप्रेनर्फिन १७३ एम्पुल, डाईजेल्याब १७३ एम्पुल र फेनारगन १७३ एम्पुल गरी जम्मा ५१९ एम्पुल** सहित का.जि.का.म.पा.-३५ बालकुमारी पुलबाट पक्राउ ।

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com







LSD (lysergic acid diethylamide)